# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:- २०८२/०८३
चलानी नं.:- ८६३३

जीतपुर, बारा
मधेश प्रदेश, नेपाल
जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर,बारा
मधेश प्रदेश,नेपाल

मितिः २०८३/०३/२९

ने. सं. ११४६ तछलागा चतुर्दशी

श्री हुलास स्टील ईण्डष्ट्रिज लिमिटेड,
जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं.१ सिमरा, बारा।

**विषयः वातावरणीय प्रदूषण सम्बन्धी जरिवाना तथा सुधारात्मक निर्देशन बारे।**

उपरोक्त विषयमा यस उपमहानगरपालिकाबाट गठित वातावरणीय अनुगमन समितिलको मिति २०८३/०३/०७ गतेको स्थलगत निरीक्षण, नगर प्रहरीले पेश गरेको स्थलगत प्रतिवेदन तथा सोसँग संलग्न फोटोहरू, साथै अनुगमन समितिले पेश गरेको वातावरणीय निरीक्षण तथा कारवाही सिफारिस प्रतिवेदनका आधारमा तहाँ उद्योगबाट औद्योगिक फोहोर, तेलजन्य पदार्थ तथा लेदो सार्वजनिक सडक तथा आसपासका क्षेत्रमा फैलिएको, औद्योगिक फोहोर तथा फोहोर पानीको उचित व्यवस्थापन नगरिएको, कार्य स्थलमा सुरक्षा मापदण्डको पालना नभएको तथा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र प्रचलित वातावरणीय कानुन बमोजिम पालना गर्नुपर्ने व्यवस्थाहरूको उल्लङ्घन भएको देखियो।

उक्त विषयमा यस कार्यालयको पत्र संख्याः २०८२/०८३, चलानी नं. ८२२२, मिति २०८३/०३/१५ गतेको पत्र मार्फत तहाँ उद्योगबाट स्पष्टिकरण माग भएकोमा तहाँ उद्योगको मिति २०८३/०३/१८ गतेको प्राप्त पत्रानुसार उपलब्ध गराइएको स्पष्टीकरण तथ्यगत तथा कानुनी रूपमा सन्तोषजनक नदेखिएको र निरीक्षण प्रतिवेदनमा उल्लेख भएका वातावरणीय पक्षहरुको उल्लङ्घनलाई खण्डन गर्न पर्याप्त आधार तथा प्रमाण समेत पेश हुन नसकेको देखियो।

तसर्थ, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिमको व्यवस्था उल्लङ्घन भएको देखिँदा तपाईंलाई वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ बमोजिम **रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ मात्र)** जरिवाना गर्ने भनि यस कार्यालयको **मिति २०८३/०३/२५** गते निर्णय भएकोले उक्त जरिबाना वापतको रकम पत्र प्राप्त भएको मितिले ७(सात) दिन भित्र यस उपमहानगरपालिकाको राजश्व खातामा दाखिला गरी सक्कल भौचर यस कार्यलयमा पेश गर्नु हुन अनुरोध छ। साथै, निम्न निर्देशनहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ।

१.उद्योगबाट निस्कने फोहोर, फोहोरपानी, तेलजन्य पदार्थ, धुलो, ध्वनि तथा अन्य वातावरणीय प्रदूषण नियन्त्रणका लागि प्रभावकारी सुधारात्मक उपाय तत्काल कार्यान्वयन गर्नु हुन।

☎ ०५३-४१२१७३ jeetpursimarasubmetropolitan@gmail.com

Scanned with CamScanner

# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-
चलानी नं.:-

२.स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (BES/IEE/EIA) तथा वातावरणीय व्यवस्थापन योजना (EMP) मा उल्लेख गरिएका सम्पूर्ण व्यवस्था पूर्ण रूपमा कार्यान्वयन गर्नु हुन।
३.औद्योगिक फोहोर, लेदो तथा फोहोरपानीको वैज्ञानिक व्यवस्थापन गरी सार्वजनिक सडक, नाला तथा आसपासको क्षेत्रमा कुनै पनि प्रकारको प्रदूषण हुन नदिन आवश्यक व्यवस्था मिलाउनु हुन।
४.सुधारात्मक कार्य सम्पन्न भएको विस्तृत प्रतिवेदन तथा प्रमाणहरू यस कार्यालयमा निर्धारित समयभित्र पेश गर्नु हुन।

तोकिएको अवधिभित्र जरिवाना रकम दाखिला नगरेमा वा आवश्यक सुधारात्मक कार्यहरू कार्यान्वयन नगरेमा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम थप कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

(ई. पुष्पा सिंह)
वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख

बोधार्थ:
श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाण्डौ।
श्री वातावरण विभाग, बबरमहल, काठमाण्डौ।
श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।
श्री जिल्ला समन्वय समितिको कार्यालय, कलैया, बारा।

☎ ०५३-४१२१७३ jeetpursimarasubmetropolitan@gmail.com

Scanned with CamScanner